न्यू सृष्टि दैनिक
२०८२ कात्तिक १२ गते बुधबार
Wednesday 29 October 2025
न्यू सृष्टि दैनिक

## नरिसाउनुस है...



शंकर खरेल
nsdainik@gmail.com

# कुराको कुरा नि !

'मलाई यतिधेरै रिस उठ्यो उसको कुरा सुनेर दुई झापड...।' अर्काले सोध्यो, 'अनि हानिस् त ?' दुई झापडको कुरा नसकेकाले भने, 'हान्ने मन थियो, मज्जाले गाली गरें, झापड भने हानिनँ, बच्यो त्यो आज...' यस्तो कुरा तपाईंले धेरै सुन्नु भएको होला। अनि झापड हान्ने भनिएका व्यक्तिसित टाँसिएर हिडेको पनि धेरै देखिएकै होला।

'कुरो सुन्दै रिस उठ्ने क्या ! अनुहार देख्दै रिस उठ्ने क्या !' यो पनि सर्वाधिक बोलिने कुरा हो। ...नत्र मैले जानेको थिएँ भन्ने।

अनि अनुपस्थितिमा गालीगलौच गर्ने, कुट्ने नै कुरा गर्ने तर, अघिल्तिर देखिने वित्तिकै स्खलित भएको पुरुषझैं देखिनेको कमी छैन हाम्रो समाजमा। सबैसित मिलेजस्तो गर्ने तर, गुट चैं आफुले मात्र चलाउने, अरुले चलाउँदा रिस गर्नेको पनि कमी छैन।

पानीमाथिको ओभानो हुन खोज्ने, यता पनि ठिक्क, उता पनि ठिक्क हुन खोज्ने। ठोस र सार्थक कुरा नगर्ने। कुरा चपाउने, पूरै कुरा नगर्ने र आधा कुरा गरेर विषयलाई अर्कोतिर मोड्नेको पनि कमी छैन हाम्रो समाजमा।

आफु केही नगर्ने र अरुलाई पनि केही गर्न नदिने त कति हो कति ! सम्भवतः यस्तै शैलीका कारण हाम्रो समाजमा असल काम हुन छाडेको छ। जो काम गर्न खोज्छ, पारदर्शी बन्न खोज्छ उसको खुट्टा तान्ने प्रवृत्ति व्याप्त छ। म मात्र ठिक, अरु सबै खराब भन्नेले समाजलाई विभाजित गरेको छ।

खै कुन्नी के को पछाडी कुरा काट्ने, अघिल्तिर बोल्ने आँट नै नगर्ने। कसैले असल काम गर्दा राम्रो भनेर तारिफ गर्न नसक्ने। आफु कुनै सहयोग नगर्ने र सहयोग एकीकृत भएपछि समूहमा विभाजन ल्याउन खोज्नेको पनि कमी छैन। यस्तै यस्तै शैली बढेकाले होला कुरा धेरै हुन्छन्, काम हुँदैनन् हाम्रो समाजमा।

यताको कुरा उता, उताको कुरा यता ल्याउने। खासियत र हैसियत केही छैन तर, आफुलाई निकै शक्तिमान देखाउने जमातले पनि समाजलाई पछि धकेलेको हो। प्रतिभा केही छैन, औकात पनि केही छैन। हिम्मत त छँदैछैन। र, पनि म के नै हुँ भन्ने शैली भएकाले पनि समाजलाई पछिल्तिर धकेलेका छन्।

समाज एक संस्था र परिवेश हो। फरक सोच भएका मनुवा हुनु स्वाभाविक हो। तर, सूर्य पूर्वबाट उदाउँछ, जन्मेपछि मान्छे एक दिन मर्नुपर्छ भनेर कुरा गर्दा पनि होइन भन्ने लठुवाको कमी छैन हाम्रो समाजमा। सत्यको पक्षमा होइन, उज्ज्यालोतर्फ अघि बढ्ने सोच पटक्कै छैन। हरेक कुरामा गुट र उपगुट सृजना गर्ने मनुवा समाजका लागि सर्वाधिक 'डेञ्जर' हुन्।

कतिपय धेरै बोल्छन्। बतिपय फिट्टो नबोल्ने हुन्छन्। बोल्नेको मनमा पाप हुँदैन। नबोल्ने सबै पापी नै हुन्छन् भन्ने पनि होइन। तर, ज्यादातर रुपमा निर्णय क्षमता नभएका, अरुले पकाएको रोटी मात्र खाने, तर पकाएकोमा धन्यवादसमेत नभन्ने पनि समाजमा भडुवा नै हुन् भन्ने लाग्छ।

हरेक व्यक्तिको मन फरक हुन्छ। यसलाई बदल्न सकिन्न। तर, साँचो र सत्य कुरालाई केन्द्रमा राखेर सही र गलत भन्न सक्ने सामर्थ्य व्यक्तिमा हुन्न भने त्यो समाजले कहिल्यै आफुलाई अघि बढाउन सक्दैन।

कुरा गर्ने गलत संस्कारले गति लिंदा हाम्रो समाज हरेक कुरामा विभाजित छ। हामी हरेक कुरामा फरक मत राख्न खोजिरहेका हुन्छौं। मन मिल्दैन भने त्यो संस्था, समूह वा समाजमा घुलमिल नहुनु नै राम्रो हो। मन मिल्दैन तर, जवरजस्ती रुपमा बस्ने र कुरा मात्र काट्नेदेखि लाज पनि सर्माउँदो होला।

हामी केही भएन भन्छौं तर, केही गर्न खोज्दैनौं। हामीलाई सबैकुरा गरिदिने चाहिन्छ। गर्न नखोज्ने, खानेकुरा नपकाउने तर, मिठो खानुपर्ने बानी छ। यस्ता कुराको धेरै बेलिविस्तार के लगाउनु हो ! कुरा गर्नु कुरा कै दुःख हो भन्ने लाग्छ।




# दुई दिनमा ४९ सय रुपैयाँले घट्यो सुन

**न्यू सृष्टि दैनिक**
**विराटनगर**

दुई दिनमा तोलामा ४ हजार ९ सय रुपैयाँले सुनको मूल्यमा गिरावट आएको छ।

मंगलबार सुन प्रतितोला २९ सय रूपैयाँले घटेर २ लाख ३७ हजार ५ सय रूपैयाँमा किनबेच भयो। सोमबार २ हजार रूपैयाँ घटेको थियो। चाँदीको मूल्यमा समेत गिरावट आइरहेको छ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य लगातार घटिरहेको छ। तिहार यता मात्रै सुन प्रतितोला १६ हजार ५ सय रूपैयाँले घटिसकेको छ। सुनको मूल्य २ लाख ६० हजार नजिक पुगेको थियो र, संसारमै जोगाड गर्ने क्रम तिब्र भएको थियो तर, एकाएक मूल्यमा गिरावट आउन थाल्यो। कारोबारीका अनुसार अन्तर्राष्ट्रिय कारण हेर्दा मूल्य अझ केही कम हुँदै जानेछ।

# चार वर्षअघि ३३५ बाघ, अब कति ?



**न्यू सृष्टि दैनिक**
**विराटनगर**

हरेक चार-चार वर्षमा बाघ गणना गरिँदै आएको छ र, पछिल्लो गणनामा ३३५ थिए।

पुस, माघ र फागुनभर बाघ गणना गर्न लागिएको हो। नेपालको पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ पाइन्छन्।

सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३३५ बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो। उक्त गणनामा चितवन १२८, बर्दिया निकुञ्ज १२५, बाँके निकुञ्ज २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ बाघ भेटिएको थियो। सरकारले यसपटक गणना गर्दा कम्तिमा ३ करोड रुपैयाँ खर्च गर्दैछ।

नेपालमा सन् २००९, सन् २०१३, सन् २०१८ पनि बाघ गणना गरिएको थियो। सन् २००९ को गणनामा देशैभर १२१, सन् २०१३ मा १९८ र सन् २०१८ मा २३५ बाघ भेटिएका थिए।

# भाटभटेनीमा मृत्यु भएका १२ जनाको सनाखत हुन सकेन

**न्यू सृष्टि दैनिक**
**विराटनगर**

जेन्जी आन्दोलनका क्रममा भाटभटेनी सुपर मार्केटका विभिन्न शाखामा फेला परेका एक दर्जन शवको झण्डै ५० दिनमा पनि सनाखत हुन सकेको छैन।

मृत्यु भएका को थिए यकिन हुन सकेको छैन र, अधिकांश शव मानव कंकालका रुपमा पाइएका थिए।

आन्दोलनका क्रममा काठमाडौं चुच्चेपाटी ७, धरान सुनसरी ४ र विराटनगरस्थित भाटभटेनीमा एक जनाको शव भेटिएको थियो। तर, कोही आफन्तको दाबी आएको छैन।

शव पूर्ण रूपमा जलेका र आफन्तले दाबी नगरेकाले डीएनए परीक्षणका लागि प्रहरीको प्रयोगशालामा पठाइएको छ तर रिपोर्ट आइसकेको छैन।

अन्य स्थानमा जलेर मृत्यु भएका शवको पहिचान भइसकेको भए पनि यी शवको पहिचान अझै अन्योलमै छ।

भाटभटेनीले कर्मचारी नभएको स्पष्ट पारेकाले आन्दोलनकै क्रममा सहभागीको शव हुनसक्ने देखिएको छ।







# घाइते कर्मचारीको विराटनगरमा मृत्यु

**न्यू सृष्टि दैनिक**
**विराटनगर**

कार्यालयबाट घर फर्किने क्रममा सवारी दुर्घटनामा परी गम्भीर घाइते इलाम सूर्योदय नगरपालिकाकी कर्मचारी रुपा राईको विराटनगरमा उपचारका क्रममा मृत्यु भएको छ।

विराटनगरस्थित न्यूरो अस्पतालक चिकित्सकले राईलाई सोमबार मृत घोषणा गरेका हुन्।

असोज ८ गते शनिबार कार्यालयबाट घर फर्किने क्रममा उनी चढेको अटोलाई पिकअप भ्यानले ठक्कर दिँदा राई गम्भीर घाइते भएकी थिइन्। शनिबार सार्वजनिक बिदा भए पनि विपद्को कामलाई सहजीकरण गर्न राई कार्यालय पुगेको बताइएको छ।

घाइते राईलाई बी एण्ड सी अस्पतालमा उपचारका लागि पठाइएकामा उनलाई त्यहाँबाट आइतबार घर फर्काइएको थियो।

झापाबाट ल्याएर फिक्कल अस्पतालमा पुनः परीक्षण गर्दा न्यूरो अस्पताल लैजान सुझाइएपछि विराटनगर ल्याइएको थियो।

राईको उपचारका क्रममा रहेकै बेला निधन भएको भन्दै सामाजिक सञ्जालबाट श्रद्धाञ्जली दिन थालिएको थियो।

# सिन्धुली दुर्घटनामा विराटनगरका अर्जेलको निधन

**न्यू सृष्टि दैनिक**
**विराटनगर**

विराटनगरबाट काठमाडौं जाँदै गरेको एक कार दुर्घटना हुँदा विराटनगरका एक पुरुषको ज्यान गएको छ। दुई घाइते छन्।

सिन्धुली सुनकोशी-६, चैनपुरमा विराटनगरबाट काठमाडौं जाँदै गरेको बा.७च ७५५४ नम्बरको कार अनियन्त्रित भई बिपी राजमार्गस्थित सडकबाट करिब ५० मिटर तल खसेको थियो।

जिल्ला प्रहरी कार्यालय, सिन्धुलीलाई उद्दृत गर्दै प्रहरी प्रधान कार्यालयले जनाएअनुसार दुर्घटनामा विराटनगर-१७ ठेगाना भएका ६५ वर्षीय ओमबहादुर अर्जेलको मृत्यु भएको छ।

दुर्घटनामा उनकी श्रीमती ४९ वर्षीया सुनिता अर्जेल र ३१ वर्षीय छोरा निशान्त अर्जेल घाइते भएका छन्। सुनिताको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। उनीहरूको आत्मीय सामुदायिक अस्पताल खाल्टेमा उपचार भइरहेको छ।




**विराटनगर महानगरपालिकाको अनुरोध**

कर तपाईंहरूकै नगरको विकासका लागि भएकाले कर करले मात्र नभई रहरले तिरौं।

## क्लीक ! क्लीक !!



**छठको रौनक** : विराटनगरको सरोचिया क्षेत्रमा छठ पर्वको अवसरमा सडकमा शृङ्गार गरिएको दृश्य । यो ठाउँ यसपटक पनि सर्वाधिक आकर्षणको केन्द्र बन्यो । आयोजकले यसपटक परमार्थ सिंधिया आरतीको टिमलाई बोलाएर आरती कार्यक्रम गरेको थियो। कार्यक्रममा हजारौंको सहभागिता थियो । बच्चादेखि वृद्धसम्म छठको ब्रत लिदै आरतीमा सहभागी भएका थिए।







चौविसे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
राजारानी, धनकुटा
कोशी प्रदेश, नेपाल

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८२/०७/१२)

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०८२/०८३ को विनियोजित बजेट अनुसारको तोकिएका विकास योजनाहरु (वस्तु तथा सेवा) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम खरिद गरी कार्यान्वयन गर्नुपर्ने भएकोले सूचीकृत फर्महरुलाई ७ दिनभित्र प्रस्ताव पेश गर्नहुन अनुरोध छ।

**पुनश्च : विकास योजनाको सूची र प्रस्ताव फारमको (Soft/Hard Copy) योजना शाखाबाट उपलब्ध हुनेछ।**










पब्लिकेशन्स न्यू सृष्टिद्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित । कार्यालय मेनरोड, तीनपैनी, विराटनगर-२, फोन : ९८४९७८७२७२, ९८५२०२०७००, इमेलः nsdainik@gmail.com
अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादकः शंकर खरेल